# महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, बर्दिवास नगरपालिका महोत्तरी ।

# वार्षिक प्रगती प्रतिवेदन आ.ब. २०८१।०८२

## १. परिचय

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले बर्दिवास नगरपालिका क्षेत्रभित्र महिला सशक्तिकरण, बालबालिकाको अधिकार संरक्षण , जेष्ठ नागरिकको सेवा सम्मान, अपाङ्गता भएका व्यक्तिहरुको पहिचान तथा सुविधा, दलित समुदायको उत्थान र सामाजिक न्याय प्रवद्धन तथा सामाजिक जागरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## २. लक्ष्य र उदेश्यः

- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको अधिकार सुनिश्चित गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरी सुविधा प्राप्तिमा सहजता ल्याउने ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको बारेमा सचेतना र सहायक सामाग्री वितरण गर्ने ।
- दलित समुदायको सामाजिक, शैक्षिक र आर्थिक उत्थानका लागि कार्यक्रम संचालन गर्ने ।
- ज्येष्ठ नागरिकको सेवा, स्वास्थ्य सुरक्षा र सम्मान सुनिश्चित गर्ने ।

## ३. कार्यक्रम आयोजनाको विवरणः

| क्र.सं. | कार्यक्रम परियोजना | लक्ष्य | खर्च रु. | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| १. | बालविवाह मुक्त वडा तथा नगर घोषणका लागि विभिन्न चेतनामुलक कार्यक्रमहरु | नगरलाई बाल विवाह मुक्त घोषणा गर्ने | २६२,०००। | वडा नम्बर ६ बालविवाह मुक्त वडा घोषण | ५००० जना |
| २. | किशोरीहरुको बहु आयामिक जीवन उपयोगी रुपान्तरण | किशोरीहरुलाई शैक्षिक, स्वास्थ्य, सामाजिक र | ५१,५३०। | वडा नं. ८ मा कार्यक्रम संचालन | ३० जना किशोरीहरु |

| क्र.सं. | कार्यक्रम परियोजना | लक्ष्य | खर्च रु. | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| | तालिम २ दिने | व्यक्तिगत विकासका विभिन्न आयामहरु सशक्त बनाउनु | | | |
| ३. | मानव वेचविखन तथा लैङ्गिक हिंसा न्युनिकरण सम्बन्धी कार्यक्रम | | ३८,८०५। | श्री पञ्चधुरा मा.वि. ब.न.पा. ५ | ८० जना बालबालिकाहरु सहभागि |
| ४. | अन्तरपुस्ता सिप हस्तान्तरण | अन्तर पुस्ता विचको सम्बन्ध मजबुत बनाउनु । | ३५०००। | श्री इच्छेश्वर मा.वि. ब.न.पा. ५ । | ८० जना सहभागि । |
| ५. | नगरपालिका भित्र रहेका वडा बाल क्लव र बाल संजाल बिच अन्तरक्रिया कार्यक्रम | ११ वटा वडा बाल संजाल र नगरबाल संजाल विच अन्तरक्रिया | ५०,०००। | सम्पन्न । | ३५ जना बालबालिका । |
| ६. | यातायात व्यवसायी सँग अपाङ्गता र जेष्ठ नागरिक व्यक्तिहरुका लागि भएका कानुनी प्रवधन विषयक अन्तरक्रिया कार्यक्रम | अपाङ्गता र जेष्ठ नागरिकका लागि भएका ऐन कानुनको बारेमा जानकारी गराउने । | ५०,०००। | सम्पन्न भएको । | यातायात व्यवसायी र अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक गरी ४० जना सहभागी भएको । |
| ७. | बाल संजालका पदाधिकारीहरुलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण । | जोखिम प्रभावित क्षेत्रहरुको नक्साङ्कन गर्ने र सचेत गराउने । | ३६,५५५। | वडा नं. १३ मा संचालन । | वडा नं. १२ र १३ का बालबालिका ५० जना सहभागि । |
| ८. | जेष्ठ नागरिक सम्बन्धी | जेष्ठ नागरिकलाई | ७७,८६०। | वडा नं. १२ मा | ७० जना जेष्ठ |

| क्र.सं. | कार्यक्रम परियोजना | लक्ष्य | खर्च रु. | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| | सरोकारवाला बीच अन्तरक्रिया अल्जाइर्मश रोग जेष्ठ नागरिक प्रति हुने चेतनामुलक कार्यक्रम २ पटक | लाग्ने रोगहरुको जानकारी र सामान्य रोगथाम र सेवा सुविधा बारेमा जानकारी । | | संचालन । | नागरिकहरु सहभागी । |
| ९. | घरेलु हिंसा लैङ्गिक हिंसा न्युनीकरण सम्बन्धी चेतनामुलक कार्यक्रम | घरेलु हिंसाको कारण, कानुनमा भएका व्यवस्था र कानुनी उपचार पद्धती | ३७,७५०। | वडा नं २ मा संचालन भएको । | ४० जना महिला तथा समुदाय । |
| १०. | विभिन्न दिवसीय कार्यक्रम | राष्ट्रिय र अन्तराष्ट्रीय दिवस मनाउने । | १०८,७००। | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय महिला दिवस संचालन | ६०० जना सहभागी भएको । |
| ११. | नगरस्तरीय बाल भेला तथा बाल संजालका पुन गठन | बालबालिकाको नेतृत्व विकास र सहभागिता बढाउने । | १३०,८९५। | पाचौ नगर बाल संजाल गठन भएको । | नगर भरी ९० जना बालबालिका सहभागी भएको । |
| १२. | नगर बाल संजालका पदाधिकारीहरुको लागि क्षमता अभवृद्धि तालिम | बालबालिकाको अभिव्यक्ति क्षमता र नेतृत्व सशक्तिकरण | १७७,८५०। | उदघोषण तालिम ३ दिने सम्पन्न । | ३५ जना बालबालिकाहरु सहभागी । |
| १३. | बाल क्लवका पदिधकारीहरुलाई बाल क्लव व्यवस्थापन विषयक | बाल क्लवमा अवद्ध भएर के गर्ने बाल क्लवलाई सक्रिय | ३९,०९०। | १ दिने कार्यक्रम संचालन गरेको । | २० वटा बाल क्लवका बालबालिकाहरु सहभागि । |

| क्र.सं. | कार्यक्रम परियोजना | लक्ष्य | खर्च रु. | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| | तालिम । | कसरी बनाउने विषयमा जानकारी गराउनु । | | | |
| १४ | जेष्ठ नागरिक र अपाङ्गता परिचय पत्र वितरण । | पहिचान सहितको परिचय पत्र वितरण गर्ने । | ०.०००। | निरन्तर परिचय पत्र वितरण गर्ने गरेको । | ११० जना । |
| १५ | सिम्स मा प्रविष्ट । | तथ्याकलाई सुरक्षित राख् नु । | ०.०००। | सिम्समा अपाङ्गता भएको व्यक्ति र जेष्ठ नागरिकको लगत प्रविष्ट गर्ने गरेको । | नगरले वितरण गरेके परिचय पत्र प्राप्त व्यक्तिको विवरण सफ्टवेयरमा सुरक्षित भएको । |
| १६. | पोषण सुधारको लागि विभिन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुह गठन तथा आय आर्जन सम्बन्धी तालिम । | पोषण सुधार र आत्मनिर्भर | | समुह गठन तथा तालिम सम्पन्न । | वडा नं. १० का २८ जना महिला र समुह । |
| १७ | सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागी आय आर्जन अनुदान | आर्थिक रुपमा सशक्त बनाउने र पोषण सुधारमा सहयोग पुर्याउने । | ७००,०००। | लक्षित समुहका व्यक्तिहरुलाई प्रत्यक्ष अनुदान सहयोग । | वडा नं. १० का विपन्न २८ जना सुनौलो हजार दिनका महिला । |

४. <u>उपलब्धीहरुः</u>

- नगरस्तरका बालबालिकाहरुमा बाल अधिकार , मानव वेचविखन बारेमा सचेतना बढ्यो ।
- जेष्ठ नागरिकहरुले स्वास्थ्य बारेमा जानकारी र सम्मान प्राप्त गरे ।
- ११० जना जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुले परिचय पत्र प्राप्त गरे ।
- अन्तर पुस्ता संवाद र सिप आदान- प्रदानले पुस्ताबीचको सम्बन्ध मजबुत भएको ।
- नगर स्तरीय बाल संजाल पुःन गठन भइ सक्रिय संचालनमा आएको ।
- बाल विवाह मुक्त वडाको संख्या १० पुगेको ।
- महिला तथा घरेलु हिंसा विरुद्ध महिला तथा समुदायमा सचेतना बढेको ।

५. <u>समस्या र चुनौतीः</u>

- सीमित बजेट र स्रोत ।
- सचेतना कार्यक्रम पछि निरन्तर अनुगमनमा कठिनाई ।
- भौगोलिक कारणको कारण कार्यक्रम संचालन गर्नमा कठिनाई ।

६. <u>निष्कर्षः</u>

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाले आ.व. २०८१।०८२ मा संचालन गरेका कार्यक्रमहरुले महिला, बालबालिका , जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार,सशक्तिकरण र सहभागिता प्रवर्द्धनमा महत्वपुर्ण योगदान पुर्याएको छ ।